(३) विदेशमा लगानी गर्ने व्यक्ति, कम्पनी वा प्रतिष्ठानले पालना गर्नु पर्ने शर्त, त्यस्तो लगानीको क्षेत्रगत अधिकतम सीमा तथा तत्सम्बन्धी अन्य व्यवस्था नेपाल राष्ट्र बैङ्कले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी निर्धारण गरिदिए बमोजिम हुनेछ।"

३. **राजस्व न्यायाधिकरण ऐन, २०३१ मा संशोधनः** राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा रहेका "धरौट नराखी" भन्ने शब्दहरूको सट्टा "धरौट वा शर्त बिनाको मुद्दाको अवधिसम्म अद्यावधिक हुन सक्ने बैङ्क जमानत नराखी" भन्ने शब्दहरू राखिएका छन्।

४. **कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधनः** कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ३ को,-

(क) उपदफा (१) झिकिएको छ।

(ख) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

५. **राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधनः** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को,-

(१) दफा १२ को उपदफा (४) मा रहेका "त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गरी" भन्ने शब्दहरू पछि "बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र" भन्ने शब्दहरू थपिएका छन्।

(२) दफा १३क. को,-

(क) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(ख) उपदफा (६) पछि देहायका उपदफा (७) र (८) थपिएका छन्:-

"(७) उपदफा (२) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम मुद्दा दायर हुनुअघि सम्बन्धित व्यक्तिले बिगो र लाग्ने जरिबाना रकम भुक्तानी गर्छु भनी निवेदन दिएमा विभागले बिगो र लाग्ने जरिबाना रकम असुल गरी मुद्दा नचलाउने निर्णयको लागि सरकारी वकील कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम लेखिआएमा सरकारी वकील कार्यालयले त्यस्तो मुद्दा नचलाउने निर्णय गर्नेछ।"

(ग) ठाउँ-ठाउँमा रहेका "पचास लाख" भन्ने शब्दहरूको सट्टा "तीन करोड" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा २० को,-

(क) उपदफा (३) मा रहेका “यकीन गरी” भन्ने शब्दहरू पछि “मिसिल प्राप्त भएको मितिले तीस दिनभित्र” भन्ने शब्दहरू थपिएका छन्।

(ख) उपदफा (४) मा रहेका “मिसिल प्राप्त भएकोमा” भन्ने शब्दहरूको सट्टा “मिसिल प्राप्त भएको मितिले साठी दिनभित्र” भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा २४ पछि देहायका दफा २४क. र दफा २४ख. थपिएका छन्:-

“२४क. <u>मिलापत्र हुन सक्नेः</u> (१) यस ऐन बमोजिम मुद्दा दायर भई विचाराधीन रहेको मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिबाना भुक्तानी गरी मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मिलापत्र फैसला कार्यान्वयनको चरणमा समेत गर्न सकिनेछ। त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई भएको कैद सजायको लगत कट्टा हुनेछ।

(३) उपदफा (१) बमोजिम मुद्दा मिलापत्र गर्दा प्रतिवादीको चल अचल सम्पत्ति रोक्का फुकुवा गर्नु पर्ने भए सो फुकुवा समेत गरी सम्बन्धित मुद्दा हेर्ने अधिकारीले मिलापत्र कार्यान्वयन गरी दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम मिलापत्र गर्दा सरकारी वकीलको राय लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम मिलापत्र गर्दा एकभन्दा बढी प्रतिवादी भएकोमा सम्बन्धित प्रतिवादीको बिगो र जरिबाना यकीन भएकोमा आफ्नो हकको बिगो र जरिबाना भुक्तान गरी मिलापत्र गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम मिलापत्र गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

२४ख. <u>मुद्दा फिर्ता लिन सकिनेः</u> जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकोमा बाहेक प्रतिवादी उपर यस ऐन बमोजिम दायर भएको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गरी फिर्ता लिन सकिनेछ।”

६. **<u>मध्यस्थता ऐन, २०५५ मा संशोधनः</u>** मध्यस्थता ऐन, २०५५ को,-